नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## प्राकृतिक व्यक्तिको लागि लागू हुने करको दर (आय वर्ष २०७६/७७ को लागि)

| एकल व्यक्ति | दम्पत्ति | करको दर |
|---|---|---|
| **रोजगारीको आय मात्र हुनेको लागि** | | |
| रु.४००००० सम्म करयोग्य आय भएमा | रु.४५००००सम्म करयोग्य आय भएमा | करयोग्य आयको १ प्रतिशतका दरले* |
| रु.४००००० भन्दा बढी तर रु.५००००० सम्म करयोग्य आय भएमा | रु.४५०००० भन्दा बढी तर रु.५५०००० सम्म करयोग्य आय भएमा | **एकल व्यक्तिको हकमा**<br>रु.४००० र रु.४००००० देखि रु.५००००० सम्मको रकममा १० प्रतिशतका दरले<br>**दम्पत्तिको हकमा**<br>रु.४५०० र रु.४५०००० देखि रु.५५०००० सम्मको रकममा १० प्रतिशतका दरले |
| रु.५००००० भन्दा बढी तर रु.७००००० सम्म करयोग्य आय भएमा | रु.५५०००० भन्दा बढी तर रु.७५०००० सम्म करयोग्य आय भएमा | **एकल व्यक्तिको हकमा**<br>रु.१४००० र रु.५००००० देखि रु.७००००० सम्मको रकममा २० प्रतिशतका दरले<br>**दम्पत्तिको हकमा**<br>रु.१४५०० र रु.५५०००० देखि रु.७५०००० सम्मको रकममा २० प्रतिशतका दरले |
| रु.७००००० भन्दा बढी तर रु.२०००००० सम्म करयोग्य आय भएमा | रु.७५०००० भन्दा बढी तर रु.२०००००० सम्म करयोग्य आय भएमा | **एकल व्यक्तिको हकमा**<br>रु.५४००० र रु.७००००० देखि रु.२०००००० सम्मको रकममा ३० प्रतिशतका दरले<br>**दम्पत्तिको हकमा**<br>रु.५४५०० र रु.७५०००० देखि रु.२०००००० सम्मको रकममा ३० प्रतिशतका दरले |
| रु.२०००००० भन्दा बढी करयोग्य आय भएमा | रु.२०००००० भन्दा बढी करयोग्य आय भएमा | **एकल व्यक्तिको हकमा**<br>रु.४४४००० र रु.२०००००० भन्दा |

| | | |
|---|---|---|
| | | बढी रकममा ३६ प्रतिशतका दरले<br>**<u>दम्पत्तिको हकमा</u>**<br>रु.४२९५०० र रु.२०००००० भन्दा बढी रकममा ३६ प्रतिशतका दरले |
| **एकलौटी फर्मको रुपमा व्यवसाय मात्र हुनेको लागि** | | |
| रु.४०००००सम्म करयोग्य आय भएमा | रु.४५००००सम्म करयोग्य आय भएमा | कर नलाग्ने |
| रु.४००००० भन्दा बढी तर रु.५००००० सम्म करयोग्य आय भएमा | रु.४५०००० भन्दा बढी तर रु.५५०००० सम्म करयोग्य आय भएमा | **<u>एकल व्यक्तिको हकमा</u>**<br>रु.४००००० देखि रु.५००००० सम्मको रकममा १० प्रतिशतका दरले<br>**<u>दम्पत्तिको हकमा</u>**<br>रु.४५०००० देखि रु.५५०००० सम्मको रकममा १० प्रतिशतका दरले |
| रु.५००००० भन्दा बढी तर रु.७००००० सम्म करयोग्य आय भएमा | रु.५५०००० भन्दा बढी तर रु.७५०००० सम्म करयोग्य आय भएमा | **<u>एकल व्यक्तिको हकमा</u>**<br>रु.१०००० र रु.५००००० देखि रु.७००००० सम्मको रकममा २० प्रतिशतका दरले<br>**<u>दम्पत्तिको हकमा</u>**<br>रु.१०००० र रु.५५०००० देखि रु.७५०००० सम्मको रकममा २० प्रतिशतका दरले |
| रु.७००००० भन्दा बढी तर रु.२०००००० सम्म करयोग्य आय भएमा | रु.७५०००० भन्दा बढी तर रु.२०००००० सम्म करयोग्य आय भएमा | **<u>एकल व्यक्तिको हकमा</u>**<br>रु.५०००० र रु.७००००० देखि रु.२०००००० सम्मको रकममा ३० प्रतिशतका दरले<br>**<u>दम्पत्तिको हकमा</u>**<br>रु.५०००० र रु.७५०००० देखि रु.२०००००० सम्मको रकममा ३० प्रतिशतका दरले |
| रु.२०००००० भन्दा बढी करयोग्य आय भएमा | रु.२०००००० भन्दा बढी करयोग्य आय भएमा | **<u>एकल व्यक्तिको हकमा</u>**<br>रु.४४०००० र रु.२०००००० भन्दा बढी रकममा ३६ प्रतिशतका दरले<br>**<u>दम्पत्तिको हकमा</u>**<br>रु.४२५००० र रु.२०००००० भन्दा बढी रकममा ३६ प्रतिशतका दरले |

* एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृतभरण बापतको आय, निवृतभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा एक प्रतिशतको कर लाग्ने छैन । {(अनुसूचि १ को दफा १को उपदफा (१) र (२)}

## प्राकृतिक व्यक्तिको आयमा समावेश नहुने रकम वा खर्चमा छुट हुने रकम

### १ दुर्गम भत्ता सुविधाः

दुर्गम क्षेत्रमा कार्यरत प्राकृतिक व्यक्तिको करयोग्य आयबाट घटाउन पाउने रकम

**१. "क" वर्गका क्षेत्रमा रु. ५०,००० (पचास हजार)**

**२. "ख" वर्गका क्षेत्रमा रु. ४०,००० (चालीस हजार)**

**३. "ग" वर्गका क्षेत्रमा रु. ३०,००० (तीस हजार)**

**४. "घ" वर्गका क्षेत्रमा रु. २०,००० (बीस हजार)**

**५. "ङ" वर्गका क्षेत्रमा रु. १०,००० (दश हजार)**

**दुर्गम क्षेत्रको बर्गीकरण देहाए वमोजिम रहेको छ**

**"क" वर्गमा रहने क्षेत्र**

(१) मनाङ्ग जिल्ला (२) कालिकोट जिल्ला (३) मूगू जिल्ला (४) डोल्पा जिल्ला ( ५) हुम्ला जिल्ला (६) बाजूरा जिल्ला

**"ख" वर्गमा रहने क्षेत्र**

(क) ताप्लेजुङ्ग जिल्लाको धुन्सा ओलाङचुङगोला र यसमा पर्ने गा.वि.स.

(ख) संखुवासभा जिल्लाको निम्न गाउँ विकास समिति

१. चेपुवा २. हेदाङ्ना ३. किमाथांका ४. स्याकसिला  ५. वालूङ ६. सीमाजोर

(ग) सोलुखुम्बु जिल्लाको निम्न गाउँ विकास समिति

१. खोम्जुङ २. नाम्चे ३. चौरी खर्क

(घ) दोलखा जिल्लाको गोगर गाउँ विकास समिति

(ङ) रसुवा जिल्लाको टिमूर गाउँ विकास समिति

(च) गोरखा जिल्लाको निम्न गाउँ विकास समिति

१. सिर्दिवास २. प्रोक ३. लोहा ४. केरोजा  ५. छेकाम्पार ६. मान्बु

(छ) बाग्लुङ्ग जिल्लाको निम्न गाउँ विकास समिति

१. बोङ्गा २. निसी ३. हुकाम ४. रम्मा  ५. मेकोट ६. टकवाछी

(ज) मुस्ताङ्ग जिल्ला

(झ) जुम्ला जिल्ला

(ञ) बजाङ जिल्ला

(ट) डोटी जिल्लाको खप्तड जडिबुटी उद्यानको ९०० फिटभन्दा उचाईको भाग

(ठ) दार्चुला जिल्ला

**“ग” वर्गमा रहने क्षेत्र :**

(क) रुकुम जिल्ला

(ख) जाजरकोट जिल्ला

(ग) दैलेख जिल्ला

(घ) अछाम जिल्ला

**“घ” बर्गमा रहने क्षेत्र :**

(क) ताप्लेजुङ जिल्ला “ख” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ख) भोजपुर जिल्ला

(ग) तेह्रथुम जिल्ला

(घ) संखुवा सभाको जिल्ला “ख” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ङ) खोटाङ जिल्ला

(च) ओखलढुङ्गा जिल्ला

(छ) सोलुखुम्बु जिल्ला “ख” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ज) धादिङ जिल्लाको निम्न गाउ विकास समिति

१. बुडाथुम २. लापा ३. फुलखर्क ४. रिगाउ ५. सल्यानकोट ६. सल्यानटार

(झ) सिन्धुपाल्चोक जिल्लाको निम्न गाउँ विकास समिति

१. बराम्चो २. वरुवा ३. मौताडा ४. वीरता गोलदे ५. गुनसा ६. गुवा ७. किउल ८. लिस्टिकोट ९ महांकाल १०. पाग ताग ११. फुल्पीङ कटी १२. धागपालकोट १३. टिसुनठगल टिनस ध्यागल

(ञ) लमजुङ जिल्लाको निम्न गाउँ विकास समिति

१. बाहुनडाँडा महेन्द्रोदय २. श्रीकाली काताधी ३. ठूलीवेसी पटाङ्गो ४. ठाकन फालिकादेवी

(ट) म्याग्दी जिल्ला

(ठ) रोल्पा जिल्ला

(ड) सल्यान जिल्ला

(ढ) प्यूठान जिल्ला

(ण) डोटी जिल्लाको “ख” वर्गमा परेका क्षेत्रदेखि बाहेक अन्य बाँकी क्षेत्र

(त) डडेलधुरा जिल्ला

(थ) बैतडी जिल्ला

**“ङ” वर्गमा रहने क्षेत्र**

(क) पाँचथर जिल्ला

(ख) धनकुटा जिल्ला

(ग) रामेछाप जिल्ला

(घ) दोलखा जिल्ला

(ङ) रसुवा जिल्लाको “ख” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(च) सिन्धुपाल्चोक जिल्लाको “घ” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउ विकास समिति

(छ) धादिङ जिल्लाको “घ” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ज) लमजुङ जिल्लाको “घ” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(झ) गोरखा जिल्लाको “ख” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

(ञ) गुल्मी जिल्ला

(ट) अर्घखाँची जिल्ला

(ठ) पर्वत जिल्ला

(ड) बाग्लुङ जिल्लाको “ख” वर्गमा परेका गाउँ विकास समितिदेखि बाहेक अन्य गाउँ विकास समिति

२. **बैदेशिक भत्तामा छुट सुविधाः**

नेपालका विदेशस्थित कुटनीतिक नियोगमा कार्यरत कर्मचारीलाई प्राप्त हुने बैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाउन पाउने ।

३. **निवृतभरण आय हुने ब्यक्तिले पाउने छुट सुविधाः**

निवृतभरण आय हुने बासिन्दा प्राकृतिक व्यक्तिले करयोग्य आयबाट निजले पाउने छुट सीमामा थप **पच्चीस प्रतिशत रकम घटाउन पाउने।**

४. **अपाङ्ग ब्यक्तिले पाउने छुट सुविधाः**

बासिन्दा प्राकृतिक व्यक्ति अपाङ्ग रहेछ भने त्यस्तो व्यक्तिले करयोग्य आयबाट निजले छुट पाउने सीमामा थप **पचास प्रतिशत थप रकम पाउने।**

५. **लगानी वीमामा छुट सुविधाः**

बासिन्दा प्राकृतिक व्यक्तिले लगानी बीमा गरेको रहेछ भने त्यस्तो बीमा **वापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पच्चीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाउने ।**

६. **स्वास्थ्य बीमा वापत तिरेको प्रिमियम**

बासिन्दा प्राकृतिक व्यक्तिले बासिन्दा बीमा कम्पनीसँग स्वास्थ्य बीमा गरेको रहेछ भने **त्यस्तो बीमा बापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा बीस हजार रुपैयाँमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाउने ।**

७. **पारिश्रमिक आय मात्र हुने महिलालाई लाग्ने करमा छुट**

कुनै बासिन्दा प्राकृतिक व्यक्ति पारिश्रमिक आय मात्र आर्जन गर्ने महिला रहेछ भने त्यस्तो प्राकृतिक व्यक्तिले तिर्नुपर्ने कर रकममा दश प्रतिशत छुट हुनेछ ।

**पूर्वानुमानित कर (Presumptive Tax) : D-01 आय विवरण पेश गर्नेको लागि**

बासिन्दा प्राकृतिक व्यक्तिले व्यवसायबाट प्राप्त आय दुई लाख रुपैयाँ र व्यवसायको कारोबार बार्षिक बीस लाख रुपैयाँ भन्दा बढी नभएको तथा मूल्य अभिवृद्धि करमा दर्ता नभएको करदाताको हकमा देहाय अनुसार कर लाग्ने छ । [आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४)]

| **व्यवसाय हुने क्षेत्र** | **कर रकम रु.** |
|---|---|
| महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ७,५००।- |
| नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ४,०००।- |
| माथि उल्लिखित क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | २,५००।- |

**कारोवारको आधारमा लाग्ने कर (Turnover Tax) : D-02 आय विवरण पेश गर्नेको लागि**

बासिन्दा प्राकृतिक व्यक्तिले नेपालमा श्रोत भएको व्यवसायबाट प्राप्त आयमात्र भएको, व्यवसायको कारोबार बार्षिक बीस लाख रुपैयाँ भन्दा बढी र पचास लाख रुपैयाँ भन्दा घटी भएको, मूल्य अभिवृद्धि करमा दर्ता नभएको र चिकित्सक, इन्जिनियर जस्ता पेशाविद् बाट प्रदान गर्ने परामर्श तथा विशेषज्ञ सेवा बापतको आय नभएको करदाताको हकमा देहाय अनुसार खण्ड (क) र (ख) को जोड बमोजिमको कर दाखिला गर्नु पर्दछ । [आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क)]

**खण्ड (क) - रु. बीस लाख रुपैंया सम्मको कारोबारमा**

| **व्यवसाय हुने क्षेत्र** | **कर रकम रु.** |
|---|---|
| महानगरपालिका वा उपमहानगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ७,५००।- |
| नगरपालिका क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | ४,०००।- |
| माथि उल्लिखित क्षेत्र बाहेक अन्य क्षेत्रमा व्यवसाय गर्ने प्राकृतिक व्यक्ति | २,५००।- |

**खण्ड (ख) - रु. बीस लाख रुपैंयाभन्दा बढी रु.पचास लाख रुपैंयासम्मको कारोवारमा**

| **व्यवसायको प्रकार** | **कर दर** |
|---|---|
| ग्यास, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोवार गर्ने व्यक्तिलाई बीस लाख रुपैंया भन्दा बढी रु.पचास लाख रुपैंयासम्मको कारोवार रकममा | ०.२५ प्रतिशत |
| माथि उल्लिखित व्यवसाय बाहेकको व्यवसाय गर्ने व्यक्तिलाई बीस लाख रुपैंया भन्दा बढी रु.पचास लाख रुपैंयासम्मको कारोवार रकममा | ०.७५ प्रतिशत |
| सेवा व्यवसाय गर्ने व्यक्तिलाई बीस लाख रुपैंया भन्दा बढी रु.पचास लाख रुपैंयासम्मको कारोवार रकममा | २ प्रतिशत |

कारोवारको आधारमा कर तिर्ने व्यक्तिले देहाय बमोजिम दुई किस्तामा कर दाखिला गर्नुपर्ने व्यवस्था ऐनको दफा ९४ को उपदफा (१क) मा रहेको छ ।

| **दाखिला गर्नु पर्ने मिति** | **दाखिला गर्नु पर्ने कर रकम** |
|---|---|
| पुस महिनाको अन्त्यसम्म | पुस २० गते सम्मको कारोवारमा तोकिएको दर अनुसार लाग्ने कर |
| असार महिनाको अन्त्यसम्म | असार २० गते सम्मको यथार्थ कारोवारको आधारमा असार महिनाको अन्त्यसम्म हुने कारोवार अनुमान गरी तोकिएको दर अनुसार लाग्ने करको गणना गरी सो कर रकमबाट पुस मसान्तभित्र दाखिला गरेको कर घटाई हुन आउने कर रकम । |